आज मिति २०७७।०३।०८ गते मंगलबारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री हरीनारायण महतोज्यूको अध्यक्षतामा उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको निम्न अनुसारको उपस्थितमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हरि नारायण महतो | नगर प्रमुख | |
| २ | श्री तारा कुमारी बस्नेत | उप-प्रमुख | |
| ३ | श्री लक्ष्मी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री विष्णुहरि खदाल | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री श्यामबाबु यादव | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री भक्त वहादुर बलम्पाकी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रामु साह तेली | का.वडा अध्यक्ष वडा नं. ७ | रामसाह |
| १० | श्री देवनारायण महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्रीसविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री राजदेव ठाकुर | कार्यपालिका सदस्य | |
| १५ | श्री गुलाब ठाकुर | कार्यपालिका सदस्य | |
| १६ | श्री देवी वहादुर तोंलागे | कार्यपालिका सदस्य | |
| १७ | श्री ठेट कुमारी दहाल | कार्यपालिका सदस्य | |
| १८ | श्री अनिता परियार | कार्यपालिका सदस्य | |
| १९ | श्री जहरी देवी | कार्यपालिका सदस्य | |
| २० | श्रीसीता भित्रीकोटी | कार्यपालिका सदस्य | सीता |
| २१ | श्री रेणु हेन्जन | कार्यपालिका सदस्य | |
| २२ | श्री रचिन्द्र डङ्गोल | प्रमुख प्रशासकीय अधिकृत | |

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

मिति २०७७।०३।०८

**बैठकका प्रस्तावहरु :**

प्रस्ताव नं.१) विपद व्यवस्थापन कोषमा रकम अपुग भएकोले उक्त शिर्षकमा रकमान्तर गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२) आयोजनाहरुको अनुगमन समितिको बैठक भत्ता व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं.३) यस मिथिला नगरपालिकाका जनप्रतिनिधिहरुको सेवा सुविधाको लागि आवश्यक व्यवस्था गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.४) यस न.पा.को वडा नं.६ स्थित ढल्केवर स्वास्थ्य चौकीको विद्युत महशूल भुक्तानी गर्ने सम्बन्धमा ।

**बैठकका निर्णयहरु :**

निर्णय नं.१) प्रस्ताव नं.१ मा छलफल गर्दा विपद व्यवस्थापन कोषमा यस आ.व.को लागि अनुमानित रु.१० लाख नपुग हुने देखिएकोले सेवा तथा परामर्श शिर्षकमा हाल बचत रहेको रकमबाट २५ प्रतिशतमा नबढ्ने गरी विपद व्यवस्थापन कोषमा रकमान्तर गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.२) प्रस्ताव नं.२ मा छलफल गर्दा यस न.पा. कार्यालयका आयोजनाहरुको स्थलगत अनुगमन गरी सोको प्रतिवेदन तयार गर्न अनुगमन समितिको बैठक भत्ता वापत प्रत्येक महिना बढिमा ४ पटक बैंठक संख्याको लागि प्रति बैठक प्रति सदस्य रु.१,०००।- (अक्षरेपी एका हजार मात्र) का दरले अनुगमन मुल्यांकन खर्च शिर्षकबाट खर्च लेख्ने गरी अनुगमन समितिको बैठक भत्ता उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं.३) प्रस्ताव नं.३ मा छलफल गर्दा यस मिथिला नगरपालिकाका जनप्रतिनिधिहरुको सेवा सुविधाका सम्बन्धमा प्रदेश सरकारबाट आवश्यक नीति निर्देशिकाहरु तयार गरि पारित गर्ने क्रममा रहेको जानकारी भएको हुंदा सो सम्बन्धमा भएका निर्णयहरुको कार्यान्वयन गर्न आगामी आ.व.२०७७।०७८ को बजेटमा आवश्यक रकम विनियोजित गर्ने निर्णय पारित गरियो ।

निर्णय नं.४) प्रस्ताव नं.४ मा छलफल गर्दा न.पा.को वडा नं.६ स्थित ढल्केवर स्वास्थ्य चौकीको च.नं.११४ मिति २०७७।०३।०७ को पत्रबाट माग भए बमोजिम संलग्न बीलहरु बमोजिम विद्युत महशूल वापतको रु.१,२८,४६९।९३ (अक्षरेपी एक लाख अठाईस हजार चार सय उनान्सत्तरी र पैसा त्रीयानब्बे) नियमानुसार भुक्तानी गर्ने निर्णय पारित गरियो ।

०८।३।८